लोक सेवा आयोग

# नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०६।२१

पत्र : द्वितीय
समय : ४ घण्टा

पूर्णाङ्क : १००

## विषय : Economics

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क"

५० अङ्क

१. तटस्थवक्रको प्रयोगबाट उपभोक्ताको सन्तुलनको अवस्था निर्धारण गर्नुहोस् । उपभोक्ताको सन्तुलनमा आम्दानी प्रभावलाई आम्दानी उपभोगवक्रको सहायताबाट प्रष्ट पार्नुहोस् । ५+५=१०
(Determine the condition of Consumer's equilibrium through IC approach. Clarify the income effect on consumer's equilibrium with the help of income consumption curve (ICC).)

२. अर्थशास्त्रमा dumping भनेको के हो? Dumping अन्तर्गत मूल्य निर्धारण कसरी गरिन्छ? वर्णन गर्नुहोस् । २+८=१०
(What is dumping in economics? Describe how the prices are determined under dumping.)

३. नेपालको आर्थिक विकासमा देखापरेका समस्याहरू के-के हुन्? हाम्रो देशमा तिव्र आर्थिक विकास गर्नको लागि योजनाको सान्दर्भिकता पुष्टि गर्नुहोस् । ५+५=१०
(Highlight the challenges of economic development of Nepal. Justify the relevance of planning for the speedy economic development in our country.)

४. "पर्यटन उद्योगले नेपालको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको छ ।" यस भनाईलाई प्रष्ट पार्नुहोस् । साथै नेपालको पर्यटन उद्योगको विकासमा के-कस्ता तत्वहरूले बाधा उत्पन्न गरिराखेको छ? लेख्नुहोस् । ७+३=१०
("Tourism industry could play a crucial role on economic development of Nepal." Justify the statement. What are the major factors that limit in development of tourism industry of Nepal?)

५. नेपालमा बजेट विनियोजनको तुलनामा पूँजीगत खर्च न्यून हुनुका कारणहरू के-के हुन्? यसले बैंकिङ् क्षेत्रको तरलतामा कस्तो प्रभाव पारेको छ? ५+५=१०
(What are main reasons for low capital expenditure in Nepal relative to her budgetary allocations? How does it impact on the liquidity in the banking sector?)

## खण्ड "ख"

५० अङ्क

६. IS-LM ढाँचा भित्र IS फलन र LM फलनको लोचकताले आयस्तर र ब्याजदर निर्धारणमा पार्ने असरबारे सचित्र स्पष्ट पार्नुहोस् । १०
(Within the framework of IS-LM, clarify with neat diagram(s) about the effects of elasticities of IS and LM functions on the determination of rate of interest and level of income.)

७. नवशास्त्रीय आर्थिक बृद्धि नमूना ह्यारोड-डोमरको नमूनासँग कसरी फरक छ? उदाहरणसहित पुष्टि गर्नुहोस् । १०
(How does the neoclassical growth model differ from the Harrod-Domar Model? Justify with illustrations.)

८. नेपालको हाइ पावर मुद्राका प्रमुख अवयवहरू के-के हुन्? मुद्रा प्रदाय निर्धारण गर्ने मुद्रा गुणक पद्धतिको व्याख्या गर्नुहोस् । ५+५=१०
(What are the major components of high power money in Nepal? Describe money multiplier approach to money supply determination.)

९. 'नेपालको मौद्रिक नीतिका वित्तीय प्रणालीको स्थायित्व र बैंक तथा वित्तीय संस्थामा संस्थागत सुशासनको दोहोरो भूमिका छ ।' यस भनाईलाई व्याख्या गर्नुहोस् । १०
(Illustrate that "Nepal's monetary policy has twin role of ensuring financial sector stability and corporate governance in banks and financial institutions.")

१०. नेपालमा वैदेशिक लगानीको वर्तमान अवस्थाबारे चर्चा गर्नुहोस् । के वैदेशिक लगानीले नेपालको आर्थिक विकासमा अपेक्षित सहयोग पुऱ्याईरहेको छ? कारणसहित व्याख्या गर्नुहोस् । ७+३=१०
(Discuss about the current status of Foreign Direct Investment (FDI) in Nepal. Is FDI helping for economic development of Nepal? Explain with reasons.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला

प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०६।२२

पत्र : तृतीय
समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : **Management**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** **५० अङ्क**

१. सूचना प्रविधि तथा मात्रात्मक औजारले कसरी बैंक र वित्तीय संस्थाहरूका नेतृत्व वर्गको निर्णय गर्ने क्षमतामा महत्वपूर्ण सहयोग गर्दछ? विस्तृतरूपमा व्याख्या गर्नुहोस् । ४+६=१०
(How information technology and quantitative tools become crucial tool for decision making capacity of leadership in banking and financial institutions? Explain in details.)

२. संगठनमा निश्चित हदसम्मको द्वन्द्व आवश्यक हुन्छ भनिन्छ । तर त्यही द्वन्द्व बढ्दै गएमा त्यसले संगठनको उत्पादकत्वमा नकारात्मक असर पार्दछ भन्ने पनि गरिन्छ । संगठनभित्र द्वन्द्व उत्पन्न हुनुका प्रमुख कारणहरूको बारेमा विश्लेषण गर्दै द्वन्द्व व्यवस्थापनका उपायहरूबारे लेख्नुहोस् ।४+६=१०
(It is said that conflict is necessary for an organization to a certain level. But if the same conflict intensifies, it can backfire on the productivity of an organization. Analyze the major causes behind such conflicts while also suggesting ways for conflict management.)

३. व्यवस्थापन कार्यलाई योजना-संगठन-नेतृत्व-नियन्त्रणको सन्दर्भमा व्याख्या गर्नुहोस् । १०
(Explain management function in the context of Planning-Organization-Leadership-Control framework.)

४. मानव संशाधन व्यवस्थापनका महत्वपूर्ण तत्वहरू - छनौट र पदस्थापन, कार्य विवरण, विविधिकरण व्यवस्थापन, क्षतिपूर्ति र पुरस्कारका बारेमा संक्षिप्त चर्चा गरी नेपाली मानव स्रोत व्यवस्थापकहरूले कुन तत्वहरूमा बढी ध्यान दिनुपर्ला? उल्लेख गर्नुहोस् । १०
(Discuss briefly the key human resource management elements - selection and placement, job description, diversity management, compensation and reward; and state in which element(s) should Nepalese human resource managers pay most attention?)

५. कार्यसम्पादनलाई वस्तुपरक र नतिजामुखी बनाउन कार्यसम्पादन मापनका परिसूचक निर्माण गरी कार्यसम्पादन करारसमेत गरिन्छ । कार्यसम्पादन परिसूचकमा समावेश गर्नुपर्ने विषयहरू के-के हुन सक्छन्? चर्चा गर्दै व्यवस्थापनका नवीन मान्यतासँगै कार्यसम्पादन मूल्यांकनका आधुनिक विधिहरूका बारेमा विश्लेषण गर्नुहोस् । ६+४=१०
(In order to build performance in an objective and result-oriented manner, performance measurement indicators are designed and the performance is also contracted. What are the key subjects that should be included in performance indicators? Discussing these factors, analyze the modern methods of performance evaluation with new norms of management.)

## खण्ड "ख"

५० अङ्क

६. लगानी विश्लेषणको एक महत्वपूर्ण विधिका रूपमा पूँजी बजेटिङ्सम्बन्धी निर्णयको महत्व प्रष्ट पार्नुहोस् । आन्तरिक प्रतिफल दरका आधारमा मात्र लगानी छनौटको निर्णय गर्दा के-कस्ता कमजोरी हुन सक्छन्? यस्ता कमजोरी हटाउन के गर्न सकिन्छ? सुझाव दिनुहोस् । ५+३+२=१०
(Explain the significance of capital budgeting decision as an important method for investment analysis. What could be weakness while investment selection is based upon Internal Rate of Return (IRR)? How to overcome such weaknesses? Suggest.)

७. नेपालको विकासको लागि स्रोत परिचालन गर्न नेपाली पूँजी बजारले पुऱ्याएको योगदानको छोटो विश्लेषण गर्नुहोस् । साथै समृद्ध नेपाल निर्माण गर्न आवश्यक पर्ने बढ्दो लगानी जुटाउनका लागि पूँजी बजारको भूमिकालाई अझ प्रभावकारी बनाउन व्यवहारिक सुझाव दिनुहोस् । ४+६=१०
(Briefly analyze the contribution of stock market in mobilizing resources for the development of Nepal. Also provide practical suggestions to enhance the role of capital market to raise the growing investment for realizing the aspiration of prosperous Nepal.)

८. वित्तीय पूर्व अनुमानलाई कसरी व्याख्या गर्नुहुन्छ? तपाईंको विचारमा अनुपात विश्लेषण वित्त विश्लेषणको सबैभन्दा उपयुक्त विधि हो? आफ्नो धारणासहित व्याख्या गर्नुहोस् । ४+६=१०
(How do you define financial forecasting? Do you think that ratio analysis is the best method of financial analysis? Explain critically in your own opinion.)

९. के बजार नियमनका लागि आदेश तथा नियन्त्रण नीतिहरूभन्दा बजारमा आधारित नीतिहरू ठीक हुन्छन्? उदाहरणसहित व्याख्या गर्नुहोस् । १०
(Are market based policies better than command and control policies for market regulation? Explain with examples.)

१०. नाफा अधिकिकरण र शेयरहोल्डरको सम्पत्ति अधिकिकरणको अन्तरसम्बन्ध केलाउनुहोस् । यी उद्देश्यमध्ये कुन उद्देश्य कम्पनीको बृहत्तर आर्थिक उद्देश्यको समीप छ? उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५+५=१०
(Analyze the interrelationship between profit maximization and shareholders wealth maximization. Which of these is more close to comprehensive statement of a company's economic objectives? Clarify with illustration.)

:: समाप्त ::

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला

प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।०६।२३

पत्र : चतुर्थ

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

विषय : **Research Methodology and Information and Communication Technology**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" : अनुसन्धान विधि

५० अङ्क

१. वैज्ञानिक अनुसन्धान भनेको के हो? अर्थशास्त्र वा व्यवस्थापनको क्षेत्रबाट उपयुक्त उदाहरणसहित वैज्ञानिक अनुसन्धानको प्रक्रियात्मक चरणहरूको बयान गर्नुहोस् । १०

(What is the scientific research? Explain the procedural steps of scientific research with suitable examples from economics or management.)

२. अनुसन्धान ढाँचा भनेको के हो? Exploratory र Developmental अनुसन्धान ढाँचाहरूका मुख्य भिन्नताहरूबारे चर्चा गर्नुहोस् । ३+७=१०

(What is research design? Discuss the major differences between Exploratory and Developmental research designs.)

३. यदि तपाईंलाई "नेपालमा COVID-19 को आर्थिक प्रभाव" बारे नमूना छनौटका आधारमा अनुसन्धान गर्ने कार्य सुम्पियो भने नमूना छनौट योजना कसरी तयार पार्नु हुन्छ? वर्णन गर्नुहोस् । १०

(If you are assigned to conduct a research on "Economic impact of COVID-19 in Nepal" based on sampling, how would you design a sample selection plan? Describe.)

४. प्रश्नावली भनेको के हो? प्रश्नावली तर्जुमाका सिद्धान्तहरूबारे उदाहरणसहित चर्चा गर्नुहोस् । ३+७=१०

(What is questionnaire? State the principles of questionnaire designing with examples.)

५. अनुसन्धान प्रतिवेदनको परिभाषा दिनुहोस् । अनुसन्धान प्रतिवेदनको महत्व र प्रकारहरूको व्याख्या गर्नुहोस् । ५+५=१०

(Define Research Report. Describe the importance and types of the research report.)

## खण्ड "ख" : सूचना तथा संचार प्रविधि

२५ अङ्क

६. What is Central Processing Unit (CPU)? Explain how CPU, memory and input/output devices work together with the help of a block diagram.

1+4=5

७. Explain the data formats as used in spread sheet. How do you perform "page setup" task in word processing software?

3+2=5

८. What do you mean by networking? Differentiate between Internet and Intranet. 2+3=5

९. Explain various types of computer viruses which give threats for the computer system? What are the protective techniques from such threats?

5

१०. What is a database? Discuss the various services provided by a Database Management System.

2+3=5

:: समाप्त ::